स्थानीय राजपत्र

गौरीशंकर गाउँपालिका द्वारा प्रकाशित		
खण्ड-९	सङ्ख्या-२५	मितिः २०८३/०५/२५
भाग-२		
गौरीशंकर गाउँपालिका गौरीशंकर गाउँपालिकाको गाउँ कार्यपालिकाद्वारा तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।		
सम्वत् २०८३ सालको कार्यविधि सङ्ख्या-३		

कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि- २०८३

परिच्छेद १
प्रारम्भिक

१. प्रारम्भः

गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छीपालन क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यहाँका अधिकांश मानिसहरुले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अवलम्बन गरेका छन् । यसरी यस पालिकाका कृषकहरुलाई व्यावसायीक र प्रतिस्पर्धी बनाई उनीहरुको आयआर्जन वृद्धि गरि स्वावलम्बी बनाउन अत्यावश्यक भएकाले यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र गौरीशंकर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि गौरीशंकर गाउँ कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"गाउँपालिका"** भन्नाले गौरीशंकर गाउँपालिका सम्झनु पर्दछ।

ख) **"अध्यक्ष"** भन्नाले गौरीशंकर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ग) **"उपाध्यक्ष"** भन्नाले गौरीशंकर गाउँपलिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गौरीशंकर गाउँपलिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ) **"वडा"** भन्नाले गौरीशंकर गाउँपालिकाको सम्पूर्ण वडाहरु सम्झनु पर्दछ।

च) **"सहकारी"** भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न गौरीशंकर गाउँपालिका भित्रका सहकारीहरू लाई जनाउने छ।

छ) **"तरकारी"** भन्नाले काउली, बन्दा, बोडी, सिमी, साग, गोलभेंडा, आलु, लौका, चिचिण्डा, घिरौंला, करेला, भन्टा, चिप्लेभेंडी, फर्सी, काँक्रा, स्कुस, परबल, पिंडालु, भेंडे खुर्सानी, लगायतका तरकारीको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ।

ज) **"फलफूल"** भन्नाले कागती, सुन्तलाजात, अम्बा, आँप, लिची, किवी, लगायतका फलफूलको रुपमा प्रयोग हुने वस्तुलाई जनाउँछ।

झ) **"मसलाजन्य वस्तु"** भन्नाले लसुन, प्याज, धनियाँ, खुर्सानी, अदुवा, हलेदो, टिमुर लगायतका मसलाको रुपमा प्रयोग हुने वस्तुलाई जनाउँछ।

ञ) **"अन्य बाली"** भन्नाले चिया, कफी, अलैंची लगायतका बालीलाई सम्झनु पर्दछ।

ट) **"पशुजन्य उत्पादन"** भन्नाले पशुपन्छीबाट उत्पादन हुने अन्डा, मासु, दुध तथा दुधजन्य उत्पादनलाई सम्झनु पर्दछ।

ठ) **"वनजन्य उत्पादन"** भन्नाले बाँस, निगालोबाट बनेको हस्ताकलाका सामाग्रीलाई सम्झनु पर्दछ।

ड) **"समूह"** भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न गौरीशंकर गाउँपालिका भित्रका कृषक समूहहरुलाई जनाउने छ।

ढ) **"व्यापारी"** भन्नाले गौरीशंकर गाउँपालिकामा व्यवसाय दर्ता गरि पान नं. लिएको गौरीशंकर गाउँपालिका भित्र उत्पादित कृषि तथा पशुजन्य सामाग्रीलाई व्यापार गर्न सहयोग पुर्याउने व्यवसायीलाई जनाउने छ।

ण) **"निजि फर्म"** भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न गौरीशंकर गाउँपालिका भित्रका कृषि फर्महरु लाई जनाउनेछ।

त) **"उत्पादनमा आधारित अनुदान"** भन्नाले कृषकले वास्तविक रूपमा उत्पादन तथा बिक्री गरेको परिमाणका आधारमा निश्चित दरमा उपलब्ध गराइने प्रोत्साहन रकम सम्झनु पर्दछ।

थ) **"उत्पादन अभिलेख"** भन्नाले कृषकले गरेको उत्पादन, बिक्री तथा आम्दानी सम्बन्धी प्रमाणित विवरण सम्झनु पर्दछ।

द) **"समिति"** भन्नाले यस कार्यविधि अनुसार उत्पादन प्रमाणीकरण तथा अनुदान सिफारिस गर्न गठित समिति सम्झनु पर्दछ।

परिच्छेद-२
दृष्टिकोण तथा उद्देश्यहरु

३. दृष्टिकोण:

कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादनमा वृद्धि, कृषकको आयआर्जन तथा रोजगारी प्रवर्द्धन गर्दै वास्तविक उत्पादनका आधारमा परिणाममुखी, पारदर्शी र न्यायोचित अनुदान वितरण गर्ने । स्थानीय उत्पादनको व्यावसायिकीकरण, बजारीकरण र आत्मनिर्भरता बढाई कृषि तथा पशुपन्छी क्षेत्रलाई दिगो र उत्पादनमुखी बनाउने।

४. उद्देश्यहरु: यस कार्यविधीका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. कृषि तथा पशुजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु।

२. वास्तविक उत्पादन गर्ने कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउनु।

३. कृषकको आयआर्जन तथा रोजगारीका अवसर वृद्धि गर्नु।
४. स्थानीय उत्पादनको बजारीकरण, मूल्य अभिवृद्धि तथा प्रतिस्पर्धात्मक क्षमता विकास गर्नु।
५. अनुदान वितरण प्रणालीलाई पारदर्शी, न्यायोचित र परिणाममुखी बनाउनु।
६. स्थानीय तहलाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सहयोग गर्नु।

परिच्छेद-३
संस्थागत व्यवस्था, भुमिका तथा जिम्मेवारी

५.उत्पादनमा आधारीत प्रोत्साहन अनुदान व्यवस्थापन समिति:

(१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि निम्न बमोजिमको उत्पादनमा आधारित अनुदान व्यवस्थापन समिति गठन गरिने छ।

(क) गाउँपालिका अध्यक्ष	-	संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष	-	सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत	-	सदस्य
(घ) आर्थिक प्रशासन शाखा प्रमुख	-	सदस्य
(ङ) कृषि/पशु शाखा प्रमुख	-	सदस्य
(च) कृषि/पशु शाखा प्रमुख	-	सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा कृषि विकाश शाखा र पशुपन्छी विकास शाखा प्रमुख मध्ये ज्येष्ठताको आधारमा समितिको सदस्य सचिव रहनेछन र आवश्यकताको आधारमा अन्य बिज्ञ तथा सम्बन्धित व्यक्तीलाई आमन्त्रण गर्न सकिने छ।

(३) समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) अनुदानको मापदण्ड र अनुदान रकम निर्धारण गर्ने सम्बन्धमा आवश्यकता अनुसार परिमार्जनको लागि सिफारिस गर्ने।
(ख) शाखाले पेस गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा लाभग्राहीहरुको छनौट गर्ने।
(ग) कार्यक्रम कार्यान्वयनको लागि शाखालाई आवश्यक निर्देशन दिने।
(घ) कार्यक्रम कार्यान्वयन संग सम्बन्धित विषयमा आवश्यक सल्लाह र सुझाव दिने।
(ङ) अन्य आवश्यक बिषयबस्तु सम्बन्धित कार्य गर्ने।

६. शाखाको काम कर्तव्य र अधिकार:

(क) लाभग्राही र सहजकर्ताको आवेदनको संकलन र मुल्याङ्कन गर्ने।
(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समन्वय, निरिक्षण तथा अनुगमन गर्ने।
(ग) सञ्चालित कार्यक्रमको प्रतिवेदन तयार पार्ने।
(घ) तोकिएको अन्य काम गर्ने।

परिच्छेद-४
अनुदान वितरण तथा कार्यक्रम सञ्चालन प्रक्रिया

७. अनुदान उपलब्ध गराउन सक्ने कृषि तथा पशुजन्य वस्तुहरु:

गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही कृषि तथा पशुजन्य उत्पादन अन्तर्गत दुध, किवी र सुन्तलामा अनुदान उपलब्ध गराउनेछ।

८. अनुदान उपलब्ध गराउने विधि:

१. कृषि तथा पशुजन्य उत्पादनमा आधारीत अनुदान कार्यक्रम संचालन गर्न सर्वप्रथम गाउँपालिकाले सम्भावित लाभग्राहीहरुको सुचिकरणको लागि कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा १५ (पन्द्र) दिने लाभग्राही सुचिकरणको लागि सार्वजानिक सूचना प्रकाशन गर्नेछ। सूचना बमोजिम यस कार्यक्रममा सहभागी हुन ईच्छुक लाभग्राहीले सूचनामा माग भए बमोजिमको आवश्यक कागजात सहित तोकिएको समय सिमाभित्र सम्बन्धित वडा कार्यालयमा अनुसूची-२ बमोजिमको आवेदन र अनुसूची-३ बमोजिमको विवरण र अन्य आवश्यक कागजात सहित सुचिकृत हुनुपर्नेछ।

२. सूचनामा तोकिएको समय सिमाभित्र वडा कार्यालयमा सुचिकृत भएका लाभग्राहीहरुको विवरण संकलन गरि वडाका कृषि/पशु प्राविधिक र वडा समितिले निर्णय गरी कृषि तथा पशुपन्छी विकास शाखामा पठाउनु पर्नेछ संकलित विवरणको आधारमा सम्बन्धित वडामा आवश्यक सहजकर्ताको लागी गाउँपालिकाले कार्यविधिको अनुसूची-४ बमोजिमको ढाँचामा सहजकर्ता सुचीकृत सम्बन्धी १५ (पन्द्र) दिने सार्वजानिक सूचना प्रकाशन गर्नेछ।

३. गाउँपालिकाले सुचनामा तोकिएको समय सिमाभित्र सहजकर्ताको लागी पेस भएको आवेदनहरुको कार्यविधिको अनुसूची-८ मा तोकिएको सहजकर्ता छनौट मापदण्डको आधारमा मुल्याङ्कन गरी सम्बन्धित वडाको लागी आवश्यक सहजकर्ता सुचिकृत गर्नेछ।

४. सहजकर्ता छनौट/सुचिकृत भए पश्चात अनुसूची-६ बमोजिमको ढाँचामा गाउँपालिकाले प्रमाणपत्र प्रदान गर्नेछ जसको हद म्याद एक आर्थिक वर्षको हुनेछ तत् पश्चात त्यसको पुन नविकरण गर्नु पर्नेछ।

५. प्रमाणपत्र प्राप्त सहजकर्ताहरुलाई गाउँपालिकाले अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

६. सहजकर्ताले उत्पादन खरिद/बिक्रिको दैनिक अभिलेख कार्यविधिको अनुसूची-८ बमोजिमको ढाँचामा राख्नुपर्नेछ र सो अभिलेख प्रतेक महिना गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छी विकास शाखा र सम्बन्धित वडामा प्रतेक महिनाको अन्तिम दिन पेस गर्नुपर्नेछ।

७. सहजकर्ताले प्रोत्साहन अनुदान बापतको रकम मासिक, त्रैमासिक, अर्धबार्षिक तथा वार्षिक रुपमा भुक्तानी लिन सक्नेछन।

८. सहजकर्ताले कृषि तथा पशुजन्य उपजको खरिद/बिक्रि प्यान बील कायम गरेर मात्र गर्नु पर्नेछ तथा प्यान बील गाउँपालिकाले तोकेको फर्मेटमा हुनुपर्नेछ।

९. भुक्तानी सिफारिसको लागी सहजकर्ताले अनुसूची-८ बमोजिमको ढाँचामा राखेको दैनिक अभिलेख सहित अनुसुची-९ बमोजिमको ढाँचामा मासिक अभिलेख भरी प्यान बील र उपजको फोटो सहित वडा कार्यालयमा सिफारिसको लागि पेस गर्नुपर्नेछ। सहजकर्ताले पेस गरेको मासिक अभिलेख, बील र फोटोको आधारमा सम्बन्धित वडा कार्यालयको वडा समितिलेले करषि/पशु प्राविधिकको उपस्थितिमा आवश्यक भए अनुगमन गरी अनुसूची-१० बमोजिमको ढाँचामा गाउँपालिकालाई सिफारिस गरि पठाउनु पर्नेछ।

१०. सहजकर्ताले पेस गरेको दैनिक तथा मासिक अभिलेख, बील, फोटो र वडा कार्यालयको सिफारिसको आधारमा लाभग्राहीले प्राप्त गर्ने अनुदान रकम गाउँपालिकाले सहजकर्ताको बैंक खातामा भुक्तानी गर्नेछ उक्त अनुदान रकम भुक्तानी गर्दा कार्यविधिमा तोकिए बमोजिमको सहजकर्ताले पाउने प्रति लिटर/के.जि. ०.२५ पैसा सेवाशुल्क/इन्सेन्टिभ बापतको रकम समेत सहजकर्ताको बैंक खातामा भुक्तानि हुनेछ अनुदान बापतको रकम सहजकर्ताको खातामा भुक्तानी भएपछी सहजकर्ताले सम्बन्धित लाभग्राहीको बैंक खातामा रकम भुक्तानी गर्नुपर्नेछ र भुक्तानी गरिएको विवरणको सक्कल भौचर गाउँपालिकामा अनिवार्य पेस गर्नुपर्नेछ।

११.गाउँपालिका तथा सम्बन्धित वडाले कृषि तथा पशुजन्य उपजको संकलन तथा विक्रि वितरणको लागि तोकिएको सहजकर्ताले गरेको कामको समय समयमा अनुगमन निरिक्षण गर्नेछ र झुठ्ठा विवरण राख्ने र पेश गर्ने सहजकर्ताको दर्ता खारेजी गरि कालो सूचीमा राखिने छ।

१२.गौरीशंकर गाउँपालिका बाहिरका लाभग्राही *(कृषक, फर्म, कृषक समुह तथा कृषि सहकारी)* लाई यस अनुदान कार्यक्रममा सहभागी गराईने छैन।

१३.यहाँ उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

९. उपलब्ध गराउने अनुदान रकम:

गाउँपालिका मार्फत उत्पादनको आधारमा देहाय बमोजिमको प्रोत्साहन अनुदान रकम उपलब्ध गराईनेछ।

क्र.स.	कृषि तथा पशुजन्य वस्तु	प्रोत्साहन अनुदान रकम
१	दुध	रु.३ प्रति लिटर
२	किवी	रु.३ प्रति के.जि.
३	सुन्तला	रु.३ प्रति के.जि.

१०. अनुदान रकम निकासा: उत्पादनमा आधारित अनुदान उपलब्ध गराउँदा गाउँपालिकाबाट मासिक, त्रैमासिक, अर्धबार्षिक तथा वार्षिक रुपमा सम्झौता बमोजिम उपलब्ध गराउन सकिनेछ।

११. अन्य क्षेत्रमा अनुदान: उत्पादनमा आधारित अनुदान बाहेक गाउँसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशु क्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पुर्याएको मानिने छैन।

परिच्छेद-४
विविध

१२. अनुगमन तथा मुल्याङ्कन: गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको चरणमा वा कार्यसम्पन्न पश्चात आवश्यकता अनुसार अनुगमन निरिक्षण गर्न सक्नेछन। यसरी अनुगमन बाट दिईएको मौखिक वा लिखित पृष्ठपोषण पालना गर्नु साँझेदारको कर्तव्य हुनेछ।

१३. अमान्य हुने: यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपालको संविधान, संघीय, प्रादेशिक कानुनसँग बाँझिने दफाहरु बाझिएका हदसम्म अमान्य हुनेछन्।

१४. कारबाहीको व्यवस्था: गाउँपालिकाबाट लिएको प्रोत्साहन अनुदान रकम दुरुपयोग गरेको पाइएमा निजलाई नकरात्मक सूचीमा सूचिकृत गरी प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न प्रक्रिया अगाडी बढाईनेछ।

१५. कार्यविधि संसोधन तथा खारेजी: गाउँपालिकाले यस कार्यविधिमा आवश्यकतानुसार संशोधन र खारेजी गर्न सक्नेछ।

अनुसूची-१

लाभग्राही सूचीकृत हुनको लागि प्रस्ताव आव्हानको सूचना !!!

गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छी विकास शाखाको आ.व..... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान कार्यक्रम"** अन्तर्गत उत्पादनमा आधारीत अनुदान प्राप्त गर्न ईच्छुक कृषक/कृषि फर्म/कृषक समूह तथा कृषि सहकारी हरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन कार्यालय समयभित्र सम्बन्धित वडा तथा कृषि तथा पशुपन्छी विकास शाखामा देहाय बमोजिमको कागजात सहित निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

पेश गर्नुपर्ने कागजातहरु:

१. व्यक्तिको हकमा

- सूचीकृत हुनका लागि अनुसूची-२ बमोजिमको ढाँचाको निवेदन ।
- नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि ।
- कार्यविधिको अनुसूची-३ बमोजिमको विवरण ।
- व्यक्तिको बैंक खाताको विवरण
- उत्पादन विवरण खुल्ने कागजात *(पशुपन्छीको हकमा बीमालेख पत्र तथा पशुपन्छिको फोटो र कृषिको हकमा बीमालेख पत्र वा बाली/बस्तु तथा फलफूलको बोट देखिनेगरि खिचिएको फोटो, जग्गाको लालपुर्जा, तिरो तिरेको रसिद)*

२. फर्म तथा संस्थाको हकमा

- सूचीकृत हुनका लागि अनुसूची-२ बमोजिमको ढाँचाको निवेदन ।
- कार्यविधिको अनुसूची-३ बमोजिमको विवरण ।
- संस्थाको बैंक खाताको विवरण
- उत्पादन विवरण खुल्ने कागजात *(पशुपन्छीको हकमा बीमालेख पत्र तथा पशुपन्छिको फोटो र कृषिको हकमा बीमालेख पत्र वा बाली/बस्तु तथा फलफूलको बोट देखिनेगरि खिचिएको फोटो, जग्गाको लालपुर्जा, तिरो तिरेको रसिद)*
- सम्बन्धित निकायमा दर्ता,नविकरण, गरिएको प्रमाणपत्रको प्रतिलिपी ।
- प्यान प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कार्यक्रममा सहभागी हुने सम्बन्धि बैठकको निर्णयको प्रतिलिपि । *(समुह तथा सहकारीको हकमा)*
- निवेदकको परिचय खुल्ने प्रतिलिपि र अख्तियारी दिएको निर्णयको प्रतिलिपि ।

रिजश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(कृषक, फर्म तथा संस्था सूचीकृत हुनको लागि निवेदनको ढाँचा)

श्री गौरीशंकर गाउँपालिका,
वडा नं... .....दोलखा।

विषय: उत्पादक सूचीकृत गराइ पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा गौरीशंकर गाउँपालिका कार्यालयको सुचना नं.....मिति..... को सार्वजानिक सूचना बमोजिम म/हामी श्री.....ले गौरीशंकर गाउँपालिका वडा नं.....मा उत्पादन गरेको अनुसुची-३ मा लेखिए बमोजिमको कृषि तथा पशुजन्य बस्तुको उत्पादन, तथा विक्रि वितरण गर्ने भएकोले सुचनामा माग भए बमोजिमको विवरण र आवश्यक कागजात सहित सूचीकृतको लागि यो निवेदन पेश गर्दछु/गर्दछौँ।

निवेदक:

दस्तखत:

लाभग्राहीको नाम:

पद:

सम्पर्क नं.:

संस्थाको छाप *(संस्थाको हकमा)*:

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

कृषि तथा पशु उत्पादन विवरण

क्र.सं.	उत्पादन तथा विक्रि गरिने कृषि तथा पशुजन्य उत्पादनको नाम	लगाएको क्षेत्रफल तथा पशु सङ्ख्या	वार्षिक अनुमानीत बिक्रि परिमाण (लिटर/के.जी.)
१.	दुध		
२.	किवी		
३.	सून्तला		
जम्मा			

निवेदक:

दस्तखत:

लाभग्राहीको नाम:

पद:

सम्पर्क नं.:

वडा नं.

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-४

सहजकर्ता सूचीकृत हुनको लागि प्रस्ताव आव्हानको सुचनाको ढाँचा !!!

गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छी विकास शाखाको आ.व..... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान कार्यक्रम"** अन्तर्गत कृषि तथा पशुजन्य उत्पादनहरु संकलन तथा विक्रिको लागि तल उल्लेखित योग्यता पुगेका फर्म/कृषक समूह तथा कृषि सहकारी हरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन कार्यालय समयभित्र सम्बन्धित शाखामा देहाय बमोजिमको कागजात सहित निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा स्याद नाघि प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

पेश गर्नुपर्ने कागजातहरु:

- सहजकर्ता सूचीकृत हुनका लागि अनुसूची-५ बमोजिमको ढाँचाको निवेदन।
- प्यान र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि।
- सुचिकृत गराईदिने सम्बन्धि सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि।
- कार्यक्रममा सहभागी हुने सम्बन्धि बैठकको निर्णयको प्रतिलिपि। *(समुह तथा सहकारीको हकमा)*
- निवेदकको परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपि र अख्तियारी दिएको निर्णयको प्रतिलिपि।

रिजु उदरकोटी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-५

(सहजकर्ता सूचीकृत हुनको लागि निवेदनको ढँचा)

श्री कार्यालय प्रमुख ज्यू,
गौरीशंकर गाउँपालिका कार्यालय, सुरी दोलखा।

विषय: सहजकर्ता सूचीकृत गराइ पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा गौरीशंकर गाउँपालिका कार्यालयको सुचना नं.....मिति..... को सार्वजानिक सूचना बमोजिम यस श्री.....ले गौरीशंकर गाउँपालिका वडा नं.....भित्रको कृषि तथा पशुजन्य उत्पादन (....., ..., ...) को गौरीशंकर गाउँपालिकाको **"कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि-२०८३"** बमोजिम खरिद/विक्रि गर्न ईच्छुक भई सहजकर्ता सुचिकृतको लागी सूचनामा माग भए बमोजिमको सम्पुर्ण कागजात सहित सूचीकृतको लागि यो निवेदन पेश गरेकोछु/छौँ।

निवेदक:

दस्तखत:

नाम:

पद:

सम्पर्क नं.:

संस्थाको छाप:

अनुसूची-६

गौरीशंकर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सुरी, दोलखा

मिति:

दर्ता नं.:.....-...../.....

उत्पादनमा आधारित अनुदान सहजकर्ता दर्ता प्रमाणपत्र

श्री.....,

गौरीशंकर गाउँपालिका ....., दोलखा।

तपाईलाई यस गौरीशंकर गाउँपालिकाद्वारा सञ्चालन हुने उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहजकर्ता सूचीकृत गरि यो प्रमाणपत्र प्रदान गरिन्छ। यस कार्यक्रममा सहभागी भए पश्चात तपाईले कृषि/पशुजन्य उत्पादनलाई अझ सुदृढ बनाई यस गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर हुन सहयोग पुऱ्याउनु हुनेछ भन्ने विश्वास छासाथै यस कार्यक्रममा सहभागी भई अनुदान प्राप्त गर्न आफ्नो उत्पादनको सत्य तथ्य विवरण पेश गर्नुहुन समेत अनुरोध छ।

.....

कृषि/पशु शाखा प्रमुख

.....

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-७

सहजकर्ता र गाउँपालिका बीचको सम्झौता-पत्रको ढाँचा

गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छी विकास शाखाको आ.व. ..... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागी मिति ..... गतेको प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्ताव मध्ये श्री ..... उत्पादन खरिद विक्रिको लागि छनौट भएको हुँदा गौरीशंकर गाउँपालिका (यसपछि प्रथम पक्ष भनिने) र श्री ..... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम संञ्चालनका लागी द्वि-पक्षिय सम्झौता गरि बुझिलियौं/दियौं।

तपशिल:

१. यस कार्यक्रममा छनौट भए पश्चात वडामा सुचिकृत भएका कृषकहरुको विवरण प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ सोही विवरणको आधारमा दोश्रो पक्षले कार्यविधिको अनुसूची-८ बमोजिम दैनिक खरिद/बिक्रिको अभिलेख राख्नुपर्नेछ।

२. प्रथम पक्षले दोस्रो पक्षलाई "कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धि कार्यविधि-२०८३" अनुरुप खरिद/बिक्रि गरेको अभिलेख, बील, फोटो र वडा कार्यालयको सिफारिसको आधारमा अनुदान रकम भुक्तानी गर्नेछ।

३. प्रथम पक्षले दोस्रो पक्षले बुझाएको विवरणको प्रमाणिकरणको लागि नियमित अनुगमन गर्नेछ, अनुगमन वडा स्तरीय वा पालिका स्तरीय वा दुवै हुन सक्नेछ।

४. कार्यविधि बमोजिम लाभग्राहीले प्राप्त गर्ने अनुदान रकम र सहजकर्ताले पाउने ०.२५ पैसा सेवाशुल्क/इन्सेन्टिभ बापतको रकम गाउँपालिकाले एकमुष्ठ सहजकर्ताको खातामा भुक्तानी गर्नेछ रकम भुक्तानि भए पश्चात सहजकर्ताले सम्बन्धित लाभग्राहीको बैंक खातामा भुक्तानी गर्नुपर्नेछ। र भुक्तानी गरिएको विवरणको सक्कल भौचर गाउँपालिकामा अनिवार्य पेस गर्नुपर्नेछ।

५. सहजकर्ताको बील छपाईको काम र सम्पुर्ण खर्च प्रथम पक्षले बेहोर्नेछ।

६. सम्झौतामा उल्लेख भएको कुराहरु सम्झौता बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

७. कुनै कुराहरु स्पष्ट नभएमा वा कुनै कुरामा विवाद भएमा दुवै पक्षको आपसी छलफलबाट निर्णय गरिनेछ र केही गरी टुङ्गो नलागेमा प्रचलित ऐन नियम अनुसार गाउँपालिकाबाट भएको निर्णय अन्तिम हुनेछ।

८. यस कार्यको सम्झौता आजको मिति देखि प्रारम्भ हुनेछ।

९. उपरोक्त अनुसारको गाउँपालिका र सहजकर्ता दुवैको सहमती भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी दियौं/लियौं

प्रथम पक्षको:

हस्ताक्षर:

नाम:

पद:

मिति:

कार्यालयको छाप:

दोस्रो पक्षको तर्फबाट:

हस्ताक्षर:

नाम:

पद:

संस्था:

ठेगाना:

मिति:

संस्थाको छाप:

अनुसूची-८

सहजकर्ता छनौट मापदण्ड

क्र.सं.	छनौटको आधार	अंक
१	सम्बन्धित स्थानीय तहमा विधिवत् दर्ता भएको डेरी फर्म/कृषक समूह/कृषि सहकारी	१०
२	सम्बन्धित कृषि तथा पशुपन्छी उत्पादनमा संलग्न रहेको	१५
३	नियमित रूपमा उत्पादन तथा बिक्री–वितरण गर्दै आएको	१५
४	किसानहरूको उत्पादन संकलन, बजार व्यवस्थापन वा बजारीकरणको अनुभव	१५
५	किसानको दैनिक तथा मासिक उत्पादन/बिक्री अभिलेख राख्न सक्ने क्षमता	१०
६	अभिलेख तथा कारोबारको पारदर्शिता र प्रमाणित बिल/भरपाई राख्ने व्यवस्था	१०
७	सम्बन्धित क्षेत्रका कृषकहरूसँग समन्वय तथा सहकार्य गर्ने क्षमता	१०
८	आवश्यक भौतिक पूर्वाधार/संकलन तथा भण्डारण सुविधा उपलब्ध	५
९	बैंकिङ कारोबार तथा डिजिटल भुक्तानीको व्यवस्था	५
१०	विगतमा सरकारी अनुदान प्राप्त गरेको भए सोको सदुपयोग तथा कार्यक्रम कार्यान्वयन अवस्था	५
	जम्मा	१००

अनुसूची-९

सहजकर्ताले वडा कार्यालयमा भुक्तानी सिफारिसको लागी पेस गर्ने विवरणको ढाँचा

मिति:

श्रीमान् वडा अध्यक्ष ज्यू,
गौरीशंकर गाउँपालिका वडा नं..... कार्यालय ....., दोलखा ।

विषय: विवरण पेस गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा गौरीशंकर गाउँपालिका र यस संस्था विच मिति.....मा भएको सम्झौता बमोजिम यस श्री.....ले गौरीशंकर गाउँपालिका वडा नं.....भित्रको तपसिलको कृषक हरुको कृषि उपज कृषक संग भएको सम्झौता बमोजिम खरिद/बिक्रि गरेकोले अनुदान बापतको रकम भुक्तानीको लागी सिफारिस गरिदिनुहुन हार्दिक अनुरिध गर्दछु/गर्दछौ ।

तपशिल:

लाभग्राहीको नाम थर	वडा नं	सम्पर्क नं.	बिक्रि गरेको महिना	दूध (लिटर)	किवी (के.जी.)	सुन्तला (के.जी.)	जम्मा खरिद/बिक्रि परिमाण (लिटर/केजि)	अनुदान बापत पाउने रकम
मासिक जम्मा								

दत्तखत:
नाम:
पद:
संस्थाको छाप:

अनुसूची-१०

वडाबाट पालिकाको लागि उत्पादन, बिक्रि मूल्य र भुक्तानी रकमको सिफारिस ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गौरीशंकर गाउँपालिकाको कार्यालय सुरी, दोलखा।

विषय: सिफारिस गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस गौरीशंकर गाउँपालिका वडा नं....., ... स्थित श्री ..... ले वडा नं.....भरिको कृषि तथा पशुजन्य उत्पादनको कृषक तथा फर्म संस्था संग भएको सम्झौता बमोजिम वडा भित्रको .....जना कृषक, फर्म, कृषक समुह तथा कृषि सहकारीको तपसिल बमोजिमको कृषि तथा पशुजन्य उपजहरुको खरिद र बिक्रि गरेको हुनाले **"कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि-२०८३"** र गाउँपालिका संग भएको सम्झौता बमोजिम श्री.....लाई तपसिलको विवरणको आधारमा अनुदान रकम भुक्तानी गरिदिनु हुन सिफारिस गरिन्छ।

तपशिल:

लाभग्राहीको नाम थर	ठेगाना	सम्पर्क नं.	बिक्रि गरेको महिना	दूध (लिटर)	किवी (के.जी.)	सुन्तला (के.जी.)	जम्मा बिक्रि परिमाण (लिटर/केजि)	बिल नं.	अनुदान बापत दिनुपर्ने रकम
मासिक जम्मा									

.....

कृषि/पशु

.....

वडा अध्यक्ष

निकेश खारकोटी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-११

सहजकर्ताले राख्ने लाभग्राहीको दैनिक अभिलेकको ढाँचा

मिति:

क्र.सं.	किसानको नाम	वडा नं.	सम्पर्क नं.	खरिद/बिक्रि गरिएको कृषि उपजको नाम र परिमाण			जम्मा परिमाण	कृषकको हस्ताक्षर
				दूध (ltr)	किवी (kg)	सुन्तला (kg)		

प्रमाणीकरण मितिः २०८३/५/२५

आज्ञाले,

रिजेश उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत